# १ कथा र इतिहास

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति ३९:६-१२, यहोशू ३:९-१७, १ सामूयल २४:१-६, १ राजा १२:१-१६, अयूब १:१-१२।

*स्मरण गर्नुपर्ने पद:* “सम्पूर्ण पवित्र शास्त्र बाइबलमा परमेश्वरले जीवनको सास फुकिदिनुभयो। जुन कुरो सत्य छ त्यो सिकाउन यो उपयोगी छ। त्रुटीहरूलाई सच्याउन यो उपयोगी छ। हाम्रो जीवनलाई फेरि सार्थकता प्रदान गर्न यसले प्रमूख भूमिका खेल्दछ। जून ठिक छ त्यसलाई पहिल्याएर हामीलाई तालिम दिन यो धर्मशास्त्र उपयोगी छ। जब यस पवित्र धर्मशास्त्र बाइबललाई आत्मसात् गर्दै कोहि चल्दछ भने त्यो व्यक्ति परमेश्वरको जन भएर हरेक असल काम गर्न ऊ सुसम्पन्न हुनेछ।" (२ तिमीथी ३:१६ रूपान्तरित)।

इतिहास विषय अध्ययन गर्न कसैले मन नपर्ला। तर असल कथाचाहिँ सबैलाई मनपर्छ। प्रत्येक सभ्यताका बहुमूल्य सम्पदाहरूमा कथाहरूले भरिएको हुन्छ। प्रारम्भिक जीवन, मूल्यमान्यता, सम्वन्ध र संस्कृती तथा संस्कारका लक्ष्यहरूलाई ती कथाहरूले व्याख्या गरेका हुन्छन् वा व्याख्य गरेको दावी गर्दछन्। पुस्तौं पुस्ताहरूमा जब ती कथाहरूलाई दोहराइन्छ तब तिनीहरू शिक्षाका माध्यम हुन सक्छन्। ती कथाहरूले आफ्नो सभ्यताको सम्पदालाई थामी राखेका हुन्छन्।

बर्तमान वैज्ञानिक युगमा कथाकारलाई त्यस्तो महत्वपूर्ण मान्यता दिइएको पाउँदैनौं। जीवनको बारेमा व्याख्या गर्न मानिसहरू वैज्ञानिक र प्रमाणित तथ्यहरूतिर लागेको हुन्छन्। तर जीवनको महत्वपूर्ण जिज्ञासाहरूलाई सधैं प्रमाणित ढँगले जवाफ दिन सकिन्छ भन्ने छैन। त्यसैकारण आजका नयाँ पिंढीले आफ्ना संस्कृतिका ती कथाहरूका प्रभावलाई सतहमा ल्याउन भरमग्दूर प्रयत्न गरिरहेको पाउँछौं।

यहि सन्दर्भमा भन्ने हो भने बाइबल पनि समसायीक कथाहरूले भरिएको हुनाले आधुनिक नितिशास्त्र हुन् भन्दा कसैले असहमत जनाउँने ठाउँ छैन। ती कथाहरू पौराणिक नभएर आधुनिक मानिसहरूको निम्ति व्यावहारिक सिद्ध हुनसक्छ। त्यसैकारण बाइबल सधैं आधुनिक वा समय सापेक्षिक भएर खडा भएको हामी पाउँछौं। बाइबलमा विभिन्न व्यक्तिगत कहानीहरू छन् जसले सत्य परमेश्वरको र पापीहरूसँग

उहाँको सम्वन्ध कस्तो रहेछ भन्ने बारेमा हामीलाई देखाउँछन्। वास्तिविक मानिसहरूले जीवनको यथार्थ समस्याहरूलाई कसरी सामना गरे र जीवित परमेश्वरसँग तिनीहरूको सम्वन्ध कस्तो थियो भनेर ती कहानीहरूले बताउँछन्। हाम्रै जीवनमा आइपर्ने अनगीन्ति समस्या तथा बाधाहरूलाई परमेश्वरले कसरी सघाउनुहुन्छ भनेर ती कहानीहरूले हामीलाई देखाउँछन्।

कहिले घटेको र कहाँ घटेको भनेर प्रत्येक कथा सुरु गरेको हुन्छ। विभिन्न कथाहरूका ऐतिहासिक पृष्ठभूमि र कहाँ कसरी घटेको भन्ने विषयवस्तुमा यस अध्याय आधारित हुनेछ। यसले गर्दा यस पुस्तकमा वर्णन गरिएका विभिन्न पात्रहरूका बारेमा राम्ररी बुझ्न सकिन्छ भनेर हामी आशा गर्दछौं।

## १, मानिसहरू र कथावस्तु (अयूब १:१-१२)

कुनै पनि कथा वा कथावस्तुमा विभिन्न घट्नाहरूका श्रृंखलाहुन्छ र ती श्रृंखलाहरूले कथाको अन्त्यलाई दोऱ्याउँछन्। प्रत्येक व्यक्ति जन्मिन्छन्, जीउँछन् र मर्दछन्। ती जन्म र मरणको बिचमा अनेकौं साना ठूला घट्नाहरू हुन्छन् जून सफलताले भरिएको मात्र नभएर अनेकौं संघर्ष र तनावहरूले पनि पूरिएका हुन्छन्। कुनै पनि कथाको विषयवस्तुलाई खोज्नु भनेको ती कथासँग सम्वधित भागहरूलाई एकत्रित पार्नु हो। यसले गर्दा कथाको सानो भागलाई जानेर निष्कर्ष निकाल्नुभन्दा कथाको वृहत मानचित्रलाई बुझाउँछ। हाम्रो मनस्थितिले अलिकति जान्दा हामीले सबै जानेको जस्तो देखाउँछ। अनि कसैको जीवनमा घटेको घट्नालाई फराकिलो तरिकाले नहेरि हाम्रै शङ्कुचित वा सानो मनले हेर्दछौं। यसले गर्दा कतिपय मानिसहरूलाई गलत ढंगले हेर्दछौं। यो हाम्रो मानविय कमजोरी हो। उदाहरण स्वरुप अयूबको पुस्तक हेरौं। त्यमा दुई विषयवस्तुहरू छन्।

अयूब १:१-१२ पढ्नुहोस्। यस कहानीमा दुई विषयवस्तुहरू औंल्याएका छन्। ती के के हुन्?

यदि हामीले अयूबको बारेमा जान्न चाहन्छौं भने त्यस कथामा दुई भागहरू वा पटकथाहरू छन् भनेर बुझ्नुपर्दछ। यथार्थमा भन्ने हो भने बाइबलका कथाहरू केवल एउटै विषयवस्तुमा मात्र आधारित भएको पाउँदैनौं। इतिहास र मानव जीवनमा परमेश्वर सदा क्रियाशील हुनुभएकोले नै विभिन्न कथा तथा पटकथाहरूले तिनीहरू भरिएका हुन्छन्। कतिपय समयमा परमेश्वर चुपचापसँग दृष्यको पृष्ठभूमिमा

बसेर क्रियाशील भएको हामी पाउँछौं भने कतिसमय त प्रत्यक्ष्य रूपमा अग्रभूमिका निभाएको हामी पाउँछौं। अयूबका प्रथम दुई अध्यायहरू टेलिभिजका च्यानलहरू जस्तै हुन् भनेर कल्पना गरौं। जब हामी यी अध्यायहरू पढ्छौं तब पृथ्वी र स्वर्गका च्यानलहरूलाई थिचेर पढ्छौं। अर्थात् पृथ्वीमा के भइरहेको छ त्यसको लागि पृथ्वीको च्यानले थिच्छौं र स्वर्गमा के भइरहेको छ त्यो हेर्न स्वर्गको च्यानल थिच्छौं।

तर कथा वा कहानीमा विषयवस्तुहरूमात्र समेटिएका हुँदैन। ती विषयवस्तुका मूल पात्रहरू मानिसहरू हुन्छन् र तिनीहरूले नै कथाहरूको सृजना गर्दछन्।

२ राजा २२:१४लाई पढेर परमेश्वरले महिला भविषयवक्ता वा प्रवक्ता हुल्दाको बारेमा के भन्नु भएको छ, हेर्नुहोस्।

कथाका पात्रहरू कथाको विषयवस्तुसँग नजिकै जोडिएका हुन्छन्। कुनै पनि पात्रहरूलाई बुझ्न, कथा भन्ने वा कथालाई प्रस्तूत गर्नेहरूले दिने खुबीमा भरपर्दछ। कथाका पात्रहरूमा कथालाई प्रस्तूत गर्ने एक पात्र आफै पनि हुनसक्छ। हुल्दाको उदाहरण हेरौं: के यस कथाको महत्वपूर्ण चरित्र उनी आफै हुन् त? अहँ, होइन। राजा जोसियाको पालामा परमेश्वरका व्यवस्थाका पुस्तकलाई कसरी भेट्टाए भन्ने मूल विषय नै यस कथाको उदेश्य हो। हुल्दा आफै पनि घट्नाका प्रमूख पात्र नहुन सक्दछिन्, तर कुनै पनि कथालाई अघि बढाउन प्रत्येक पात्रले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। के हुल्दाका छोराछोरीहरू थिए त? यस कथामा हुल्दा कति वर्षकि थिइन्? बाइबलका कथाहरू प्रायजसो छोटकरीमै नै छन्। त्यसकारण ती कथाहरूमा भएको हामीले थाहापाए अनुसार प्रत्येक जानकारीलाई सुक्ष्मरुपमा नियाल्नुपर्दछ। यस कथाले हुल्दा परमेश्वरको निष्ठावान भविष्यवक्ता हुन् भन्ने कुरा हामीलाई स्पस्ट पारेका छन्। यस कथाको प्रस्तूतकर्ताले हुल्दाको श्रीमानको परिवारको बारेमा हामीलाई जानकारी दिएको छ। पुरानो करार वा प्राचिन समयमा कुनै पनि महिलाको बारेमा वर्णन गर्नुपर्दा उनको श्रीमान वा उसका सम्पूर्ण परिवारहरूलाई समेतेर वयान गरिन्थ्यो। हुल्दा कहाँकि थिइन् भनेर उनको ठेगानापनि दिइएको छ। आजको समयमा पनि कुनै पनि व्यक्तिको अस्तित्वलाई प्रमाणीत गर्न त्यस व्यक्तिको मूल कागतपत्रहरू पेश गरि त्यसको नाउँ र ठेगाना दिनुपर्दछ। त्यसरी नै परमेश्वरको प्रवक्ता वा भविष्यवक्ता हुल्दा आफूले दावी गरेको अनुसार आफू को हुन् भनेर आफूलाई प्रस्तूत गरेकि हामी पाउँछौ।

तपाईंको जीवनको विषयवस्तु के हुन्? तपाईं कस्तो खालको पात्र हुनुहुन्छ? यदि तपाईंको कथा बाइबलमा लेखिएको भए तपाईंको चाहना अनुसार लेखिएको हुन्छ त?

## २. कहाँ र कसरी? (१ सामुयल २४:१-६)

कुनै पनि कथाको वातावरण र स्थितिलाई सक्रिय रूपमा प्रस्तुत गर्न त्यो कथाको परिवेशले प्रमुख भूमिका खेलेको हुन्छ। जो मानिसमा पनि त्यो कथा कहाँ र कहिले घटेको भन्नेमा उत्सुकता रहेको हुन्छ। उदाहरणमा हामीले रूथको कथा हेरौं। रूथ ४:१,२मा बोआजले अधिकार अनुसार आफूले पाएको कानुनी मामिला सहरको ढोकामा जहाँ पञ्च भलादमीहरू जम्मा हुन्छन् त्यहाँ ल्याउँछन् तर आफ्नो घर वा बेथलहेम शहरको नगर प्रमुखको घरमा किन ल्याएन? बाइबलको समयमा शहरको ढोकाहरु महत्वपूर्ण सार्वजनिक स्थल थिए जहाँ शहरका भद्रभलादमीहरू जम्मा हुन्थे र सानातिना घरायसी मामिलाहरू छिन्दथे। यो स्थानले कथाको कानूनी महत्वलाई जोड्दछ। कथाको पृष्टभूमीले कून कालमा त्यो घट्ना घटेको भनेर पनि बताउन सक्दछ। उदाहरणमा कुनै पनि घट्ना कार भित्र वा एयर पोर्टमा घटेको भए हामीलाई तुरन्त थाहा हुन्छ, यो घट्ना राजा दाउदको समयमा घटेको होइन न त मध्यकालिन युगका इसाई विद्वान मार्टिन लुथरको समयमा घटेको थियो।

बाइबलका निम्नलिखित दुई कथाहरूको सेरोफेरोहरूलाई तुलना गर्नुहोस्: १ सामुयल २४:१-६ र उत्पत्ति ३९:६-१२। कथाहरूको कथावस्तुलाई अघि बढाउन ती कथाहरूको सेरोफेरोले कस्तो भूमिका खेलेको पाउँछौं?

कथाको सेरोफेरो वा परिवेशले कथाको घट्नाक्रमलाई राम्रोसँग बुझाउँदछ। असुरक्षित र धेरै कमजोर अवस्थामा सावल गुफामा सुतेका हुन्छन्। त्यहि गुफामा दाउद र उनका मानिसहरू पनि लुकिरहेको हुन्छन्। राजा सावल भुमिगत भएको दाउदलाई सिध्याउन व्यक्तिगत रूपमै आफू लागेको थियो। त्यस गुफामा राजा सावललाई दाउद लुकेको थियो भन्ने थाहा थिएन। यो यस्तो अनुकूल अवसर थियो जब राजा सावलले दाउदलाई सिध्याउन भन्दा पहिले दाउदले राजा सावललाई सिध्याउन सुनौलो मौका मिलेको थियो। तर त्यस मौकको फायदा दाउदले लिदैंनन्। यो घट्नाक्रमले दाउदको उत्कृष्ठ चरित्रलाई देखाएको पाउँछौं। राजा सावल जत्तिसुकै आफ्नो परम शत्रु किन

नहोस्, उनलाई परमेश्वरले अभिषेक गरेको कारणले उनीप्रति दाउदको कस्तो सम्मान थियो भनेर प्रत्यक्ष्य रूपमा देखाएको पाउँछौं।

यहि सन्दर्भमा हामीले युशूफको कथालाई हेरौं। सांसारिक हिशाबले सफलताको सिँढीमा चढ्न युशूफले पनि केहि काम गर्न अवसर पाएको थियो। युशूफ अत्यन्त सुन्दर थिए। उनी इजिप्त देशको सेनापतिको घरधन्धालाई हेर्न नाइकेमा नियुक्त भएका थिए। उनको मालिकको श्रीमतीले उनलाई मन पराएका थिइन्। एक दिन तिनीहरू घरमा एकलै थिए। युशूफप्रति लालायित दृष्टि लगाउँछिन् र उनलाई तान्छिन्। तर दाउद जस्तै युशूफले पनि आफ्नो शुद्ध हृदयलाई त्यसबेला प्रदर्शन गर्दछन् जब उनले पोटिफोरको श्रीमतीको अभिलाषा सन्तुष्ट नगगिकन आफ्नो जीवनलाई जोखिममा पारेर उनबाट भाग्छन्।

तर कथाको परिवेश वा वातावरणमात्र कथाको मूख्य भाग हुँदैन। तर कथा कसले भनिरहेको छ, उसको दृष्टिकोणलाई मनन गर्नु पनि आवश्यकता पर्छ। कथा भन्ने वा वर्णन गर्नेले कुन शव्दहरू प्रयोग गरेर आफ्नो कथा अघि बढाउँछन् त्यसमा पनि हामीले ख्याल गर्नुपर्छ। कथाको विषयवस्तुको प्रमूख जानकारी कथा भन्ने वा लेख्नेले दिइरहेको हुन्छ। तर कहिले काहीं कथा भन्ने वा लेख्नेले हाम्रो नजरबाट कथाका जानकारीलाई लुकाइएको पनि हुन्छ। यो प्रायजसो मानिसको जिज्ञासा बढाउन गैर-धार्मिक कथाहरूमा पाउँछौं। बाइबलका कथाहरूलाई विभिन्न मानिसहरूले आआफ्नै दृष्टिकोणद्वारा पढेका हुन्छन्। तर बाइबलका कथा तथा सत्य वचनहरू पवित्र आत्माको अगुवाईमा हाम्रो माझमा प्रस्तुत भएको हो भन्ने कुरामा हामी सबैले विश्वास गर्नु अनिवार्य छ।

दाउद र युशूफले कस्तो परिस्थितिको सामना गरे? यसको बारेमा चर्चा गर्नुहोस्। उनीहरूले गर्न नहुने कामलाई कुनै बहाना बनाएर मौकाको फायदा उठाउन सक्दथे। तर आफ्नै हित हुन्छ भन्दै मौकाको फायदा उठाएन। युशूफ र दाउदले परमेश्वरको सहायताले परिस्थितिलाई नियन्त्रणमा राखेका थिए। यसले तिनीहरूको चरित्र कस्तो थियो भनेर झल्काउँछन्। कहिलेकाहिँ गलत काम गर्न तपाईंले कस्तो बहाना निकाल्नुहुन्छ?

## ३. विजयबाट अन्धकार युगमा (यहोशू ३:९-१७)

बाँकी यस अध्यायमा इस्रायलको इतिहासका केहि महत्वपूर्ण कालहरूको बारेमा नजिकसँग अध्ययन गर्नेछौं। यसले हामीले अध्ययन

गर्ने सारा मानिसहरूका ऐतिहासीक पृष्ठभूमिको बारेमा जानकारी दिनेछ। प्रतिज्ञा गरिएको देश अर्थात् कनानमा इस्रायलीहरू पसेको समयदेखि यस अध्ययन सुरु गर्नेछौं।

इजिप्तदेखि कनानदेशसम्मको चालिस वर्षको यात्रामा परमेश्वरले इस्रालीहरूको निम्ति अनेकन् आश्चर्य कामहरू गर्नुभएको थियो। अब दोश्रो पल्ट इस्रायलीहरू प्रतिज्ञा गरिएको देश अर्थात् कनानको सिमामा आइपुगेका थिए। त्यसबेलासम्म मोसाको मृत्यु भइसकेको थियो। नयाँ अगुवा यहोशूको नेतृत्वमा तिनीहरू यर्दन नदि पार गरेर त्यसको पारी रहेको सुक्खा जमिनमा प्रवेश गर्न तयार भएका थिए (यहोशू ३:१६, १७)। ती इस्रायलीहरूले अचम्मसाथ यर्दन नदि पार गरे। त्यसले इस्रायलीहरूको प्रारम्भिक यात्रामा कसरी लाल समुद्र पार गरे भन्ने कुरा हामीलाई सम्झना गराउँछन् (प्रस्थान १४)।

यहोशू ३:९-१७ पढ्नुहोस् । यहोशू ३:९-१७ मा जुन आश्चर्य काम गरियो, त्यसको उदेश्य के थियो ?

यहोशूको चातूर्य योजना वा इस्रायलीहरुको शाहसीलो कदमले गर्दा कनान देशको कव्जा गरिएको थिएन् ।कनान देश विभिन्न शहरी राज्यहरुमा विभाजित भएको थियो । परमेश्वरको सहायता र शक्तिले मात्र ती देशका राजा रजौटाहरुलाई जीत्न सकिएको थियो ।जव इस्रायलीहरु परमेश्वर प्रति आज्ञाकारी भएका थिए, तव लडाई गर्न र विजय प्राप्त गर्न उहाँले सहयोग गर्नुभएको थियो । तर जब इस्रायलीहरु आफ्नै वलमा भर परेका थिए, तव उनीहरुले नराम्रो सँग हार खानु परेको थियो ।

यहोशूको मृत्यु भएपछि पनि कनानको वा प्रतिज्ञा गरिएको देशका केही भूभागहरु स्थानिय वासिन्दाहरुको कब्जामा थियो ।(यहोशू १:२७-२८) । जव इस्रायलीहरुको केन्द्रविन्दु बदलियो तब तिनीहरुको आस्था वा विश्वासमा पनि रास वा कमजोर भएको पाइएको छ । परमेश्वरको सहायताले सारा कनान देश आफ्नो कब्जामा लिनुको सट्टा त्यहाँका स्थानिय वासिन्दाहरुसँग मिलेर दैनिक जीवनमा समावेश हुन व्यस्त भए । विशेष जन इस्रायलीहरुप्रति परमेश्वरको महान् मनोरथ थियो । तर तत्कालिन फायदालाई चासो राखेर आत्मिक जीवनलाई धल्मल्याउदा तिनीहरु प्रति परमेश्वरको महान् लक्ष्यमा वाधा आयो । इस्रायलीहरुले परमेश्वरको योजनालाई कुठारघात गर्दै अघि बढेका शताव्दीहरुलाई इस्रायलको इतिहासमा "अन्धकार यूग" भनेर धेरै बाइबल विदहरुले वर्णन गरेका छन् ।

न्यायकर्ता १७:६ र २१:२५ मा यसरी लेखिएको छ:"त्यसवेला इस्रायलमा कुनै राजा थिएन र हरेक मानिसलाई आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो त्यही गर्थ्यो ।" यी पदहरुले त्यस ताकाको नैतिकतालाई कसरी चित्रण गरेको छ?
जब हामीप्रति परमेश्वरको सोच कस्तो थियो सो विर्सन्छौ भने कम महत्वका चिज वा विषयहरु पनि अति महत्वका देखिन जान्छ । परमेश्वरको नजरमा कमसल भएतापनि मानिसको नजरमा मूल्यवान हुन जान्छ । परमेश्वरको निम्ति विशेष राष्ट्र भएर खडा भएको देश अब आफ्नै कारणले उहाँको बृहत दृष्टि वा संकल्पबाट चुक्यो । राष्ट्रभन्दा पनि आफ्ना जातियताप्रति मानिसहरुले प्राथमिकता देखाए । देशप्रेम वा देशप्रति बफादार नहुदा जातियताको भावनाको उदय भयो । परमेश्वरको जन भएर पनि आफूहरु विभिन्न जातऽ कूल वा वंशप्रति अहंकार देखाएकोले अब एक आपसमा जातिय लडाँइ सुरुभयो भनेर न्यायकर्ताको पुस्तकले पर्दाफास गरेको हामी पाउँदछौ । मानिसहरुले आफ्नै सोच विचारले धर्मलाई अंगाल्न थाले । तिनीहरु स्थानिय वासिन्दा वा देशहरुको देखासिखी गरे र तिनीहरु पनि स्थानिय मानिस सरह भए । कनान देशमा मानिसहरुसँग वैवाहिक सुत्रमा गासिन थाले ।(न्यायकर्ता ३:३-७) । जीवीत परमेश्वरलाई आस्था नराख्ने स्थानिय मानिसहरुसँग मिल्दा इस्रायलीहरुको आत्मिक जीवनको पतन शुरु भयो । तिनीहरु विदेशी शक्तिको कव्जामा कयौ पटक परेका थिए । कहिलेकाहिँ परमेश्वरले हस्तक्षेप गरेर तिनीहरुलाई उद्धार गर्नुभएको थियो । तर मानव निर्मित मूर्तिहरुलाई पूजा गर्न तिनीहरु पछि परेन्न । जव तिनीहरुले परमेश्वरको उपासना गर्न अश्विकार गरे तब उहाँले पनि तिनीहरुको सुरक्षा गर्न जिम्मेवारी ठान्नु भएन् । अनि लगातार रुपमा विदेशी राष्ट्रहरुले तिनीहरुमाथि रजाँई गर्न थाल्थे । यो घटना क्यौ पटक दोहरीयो ।

विचार नपुऱ्याइकन अलि अलि वा विस्तारै सम्झैता गर्दै जाँदा के हामी खतरामा पर्न सक्छौ? केही वर्ष अघि भन्दा अहिलेको जीवन शैली तपाईंको कस्तो भिन्न छ? के तपाईंमा भएका परिवर्तन विस्तारै सम्झैताको कारणले भएको हो?

## ४. राजा र राजकुमारहरुको बारेमा(१ शामूयल ८:७-२०)

परमेश्वरले इस्रायलीहरुलाई धेरै धेरै थोकहरु दिनुभएको थियो । यदि परमेश्वरको सर्वोच्यतालाई कमयम गरेर अघि बढे अझ धेरै

आशिषहरु उहाँले दिने प्रतिज्ञा गर्नुभएको थियो । तर उनीहरुले वरिपरि रहेका स्थानिय बासिन्दाहरुको नाकारात्मक प्रभावले गर्दा उनीहरुको पतन भयो । उदाहरणमा छिमेकी राज्य रजौटाहरुमा आफ्ना भन्दा भिन्नै शासन प्रणाली भएको इस्रायलीहरुले देखे । ती सबै राष्ट्रहरुमा राजा थिए । तर इस्रायलमा केवल न्यार्यकर्ता मात्र थिए । अझ विषम् परिस्थिति त परमेश्वरको भविष्यवक्ता र इस्रायलीहरुको न्यार्यमूर्तिका छोराहरु बिग्रेका थिए । तिनिहरुले आफ्ना बाबुले झै भक्तिभाव र दिलो ज्यानले इस्रायलको नेतृत्व गरेनन् ।मानिसहरुका काम फत्ते गर्न घूस लिन थाले । यसले गर्दा गलत पनि ठीक सावित गराउन उनीहरु अग्रसर भए । (१ शामुयल ८:३) । त्यसले गर्दा इस्रायलका अगुवाहरु शामुयलका भ्रष्ट छोराहरुदेखि दिक्क भए । यसको फलस्वरुप ती अगुवाहरुले अरु देशहरुको जस्तै आफ्नो राष्ट्रमा पनि राजा नियुक्त गर्न माग गरे (१ शामुयल ८:४,५) । तिनीहरुको माग प्रति शामुयल असतुष्त भएका थिए । तर धेरै कचकच गरेकोले मानिसहरुको गुनासो अनुसार राजा चुन्न परमेश्वरले शामुयललाई अनुमति दिए (१ शामुयल ८:७) ।

बेन्जामीन कूलबाट राजा हुन शामूयलले सावललाई चुनेका थिए (१ शामुयल ८:७) । गिब्रिया भन्ने ठाउँबाट सावलले शासन गर्न थाले । तर नयाँ राजाको निम्ति परिस्थिति सजिलो थिएन भन्ने कुरा परमेश्वरलाई थाहा थियो । इस्रायलको वरिपरी रहेका रजारजौटाहरुको दवाबले गर्दा इस्रायल देश खतरामा परेको थियो । फेरी इस्रायलीहरुकै कुलहरुमा को भन्दा को कम भन्दै झगदा हुन थालेको थियो । फेरी यस्तो परिस्थितिमा प्रथम राजा असक्षम भए, विशेष गरी उनी परमेश्वरप्रति बफादार हुनबाट चुक्न थाले । उनले परमेश्वरको इच्छा वा योजनालाई पछ्यायनन् (१ शामुयल १५:३,८,९) । यसले गर्दा परमेश्वरले सावललाई अश्विकार गर्नुपर्‍यो ।

पछि इस्रायलको भावी राजा हुन दाउदलाई चुनियो । तर सावलले अफ्नो गद्दी दाउदलाई सुम्पन राजी भएनन् । त्यसको फलस्वरुप दाउद र सावलको बीचमा ठूलो राजनैतिक तनावको सृजना भयो । दश वर्ष सम्म दाउद भूमीगत हुनुपर्‍यो । सावलले दाउदलाई अतंकवादी घोषीत गरे ।ब्यक्तिगत रुपमै सावलले दाउदको पिछा गर्न थाले ।

फिलिस्टिनीहरु सँग लडाँई गर्न जाँदा सावल र उनका छोराहरु मारिए । यसले इस्रायलमा ठूलो परिवर्तन ल्यायो (१ शामुयल ३१:१-

६) । प्रथमतः दाउद यहूदाको राजा भएका थिए । सात वर्ष पछि उनी सम्पूर्ण इस्रायलका राजा भए । यरुशलेमलाई संघीय राज्यको नयाँ राजधानी भनेर राजा दाउदले घोषणा गरे । इस्रायलको वरिपरी रहेका राजारजौटाहरुसँग लडाँइ गरेर तिनीहरुलाई कव्जामा लिए । दाउदले आफ्ना राज्यलाई विशाल बनाए र ४५ वर्ष सम्म राज्यगरेपछि राजा दाउदको यरुशलेममा मृत्यु भयो (२ शामुयल ५:४,१ राजा २:१०,११) । हाम्रै जीवन जस्तै दाउदको राजकिय जीवन पनि ठूला ठूला विषयहरुले भरिएका थिए ।कयौं पटक आफनो मूर्खताले उनी चिप्लिएका थिए । तर परमेश्वरको अपार अनुग्रह उनमाथि थियो । उनको मृत्यु पछि उनका छोरा सोलोमन राजा भए । उनले इस्रायलमा ४० वर्ष राज्य गरे (१ राजा ११:४२) । सोलोमन न त महान् योद्धा थिए न त विर पुरुष नै । उनलाई के चाहिन्छ भनेर परमेश्वरले सोध्नुभएपछि, उनले उहाँ सँग बुद्धि र ज्ञान माग्दछन् (१ राजा ३:३-१३) यरुशलेममा राजा सोलोमलले, परमेश्वरको निम्ति मन्दिर वा भवन बनाउछन् । सोलोमलले इस्रायलमा बलियो शासन पद्धती सृजना गरेर शासन गर्दछन् । तर दुर्भाग्यवस सोलोमनको अन्तिम जीवनमा परमेश्वर तर्फ आफ्नो पिठयुँ फर्काउन्छन् । उनले धेरै मुर्तिपुजक राजकुमारीहरुलाई रानी बनाएकोले उनीहरुकै लहैलहैमा उनीहरुको धर्म संस्कारलाई अपनाउँछन् (१ राजा ११:१-८)

१ शामुयल ८:७-२० पढ्नुहोस् । मानिसको भन्दा परमेश्वरका मार्गहरु उत्तम छन् भनेर ती पदहरुले कसरी बताउद्छन्? कति पटक इस्रायलीहरु परमेश्वरको इच्छालाई पालन नगरि आफ्नै धुनमा व्यस्त भएका थिए । के यही कुरो हामीले पनि दोऱ्याइरहेका छौ कि?

## ५. रेहोबामको मुर्खता(१ राजा १२:१-१६)

राजा सोलोमनको मृत्युपछि इस्रायलको इतिहासमा अर्को महत्वपूर्ण परिवर्तन भएको हामी पाउछौं ।आफ्नो पिता सोलोमन भन्दा रेहोबोम अत्यन्त भिन्न चरित्र भएको राजा थिए । उनले मजदुरहुलाई नियन्त्रण गर्न कडा ऐनहरु बनाए । आफ्नो देशमा विभिन्न धर्मका मानिसहरुलाई धार्मिक विधिहरु पालन गर्न छुट दिए ।जीवीत परमेश्वरको उपासनालाई वेवास्ता गरेर परधर्महरुलाई परिक्षणको रुपमा आफ्नो देशमा भित्राए । यी सबैले गर्दा आफ्नो पिता सोलोमनको शान्त राज्यमा सामाजिक, राजनैतिक र धार्मिक द्वन्धलाई आफ्नो राज्यकालमा

रेहोवामले निम्त्याए १ राजा १२:१-१६ पढ्नुहोस् ।मानौ तपाईँ रेहोबामको राज्यमा हुनुहुन्छ रे । हामीसँग भएको शक्ति र विभिन्न जीवनको परिस्थितिमा हामी माथि प्रभूत्व जमाउनेहरु प्रतिको मनश्थितीवारे रेहोबामको नेतृत्ववाट हामी के सिक्न सक्छै? रहोबामको भुलहरुबाट हामी के सिक्न सक्छौं?

दाउदले संघिय राज्य बनाएको इस्राएलको राजा रेहोबामको पालामा यहुदा र इस्राएल भएर दुई टुक्रा भएको थियो । परमेश्वरमा एक पटक एकत्रित भएका मानिसहरु बिभिन्न बाटोहरुमा लाग्न थाले । तर बलि प्रथा र पूजा गर्ने केन्द्रविन्दु यहुदामा थिए । त्यसकारण इस्राएलको राजा जेरोबामले दुईवटा सुनको बाच्छाहरु बनाए (१ राजा १२:२६-२९)।बली पूजाको निम्ति बेथेल र डानमा उनले बेदीहरुको स्थापना गरे । इस्राएलहरुको जीवन सहज रुपमा वितेनन् ।अर्को दुईसय वर्षसम्म इस्राएलको इतिहास विजय र हारले बुनेका थियो । परमेश्वरले गर्नुभएको पश्चातापको आहवान कुनै कुनै राजाहरुले देखावटिरुपमा स्वीकार गरे । कतिपय राजाहरु हठी थिए । कतिपय राजाहरुले परमेश्वरको भविष्यवक्ता वा पुवक्ताहरुको चेतावनीहरुलाई सुन्न अश्विकार गरे (राजाहरु आए, गए) कत्तिको त हत्या भएको थियो । जम्मा २० जना राजाहरुले इस्रायलमा राज्य गरे । त्यसवेला इस्रायलको राजधानी समारियामा थियो । ती २० जना राजाहरु जेरोवाम देखि होशिया वा होशेसम्म थिए । अन्तत: ईसा पु ७२२ मा समरियामा असेरियनहरुले कब्जा जमाए । इस्राएलका मानिसहरुलाई दास बनाएर तिनिहरुले आफ्नो देश असेरियामा लगे ।

इस्रायलको दक्षिणभागको देश यहुदामा पनि परिस्थिति ठीक थिएन् । दाउदका सन्तानले राज्य गरे पनि सबैले सरमेश्वरप्रति तिनीहरूले दाउदले जस्तै प्रतिवद्धता र आस्था देखाएका थिएनन् ।यहोशपात हेजकिया र योशाया राजाहरु परमेश्वरतिर फर्कन प्रयास गरे । सारा यहुदाका जनहरुलाई पनि परमेश्वरतर्फ फर्काउने प्रयास गरे । देशले खपिरहेको विभिन्न समस्याहरुसँग सामना गर्न र सुल्झाउन परमेश्वरका अगमवक्ताहरुले ती राजाहरुलाई सघाएका थिए ।

दुर्भाग्यवश राजा र अगमवक्ताहरुको अथक प्रयास अथेष्ठ थिएन । ई. पू. ५८६मा वेवीलोन(आधुनिक इराक)का राजा नेवकदनेजारले यरुशलेममा कब्जा गरे । त्यहाँका अगूवा र धेरै मानिसहरुलाई युद्ध बन्धी बनाएर बेवीलोनमा लगे । अन्तमा ती बेबीलोनका लडाकुहरुले सोलोमनले निर्माण गरेको परमेश्वरको मन्दिरलाई ध्वस्त पारे । तब

राजाहरुले राज्य गर्ने समयको अन्त्य भयो । यरुशलेमको पतन र त्यहाका वासिन्दाहरुलाई दास बनाउन युद्ध बन्धी बनाएर बेबीलोनमा लगिन्दा अब यहुदी जातको अन्त्य भयो भनेर कसैले सोच्लान् । तर धेरै वर्षपछि तिनीहरुलाई आफ्नो देशमा फर्कन दिएको थिएन् । यसले परमेश्वरको धैर्यता र अनुग्रहको बारेमा के भन्छ? के तपाईंले पनि आफ्नो जीवनमा परमेश्वरको धैर्यता र अनुग्रहको अनुभव गर्नुभएको छ? परमेश्वरले प्रदान गर्नुभएको अनुग्रहलाई तपाईंले कस्तो रुपमा आत्मसात् गर्नुहुन्छ?

**उपसंहारः**

थप जानकारीः पुरानो करारका प्रथम पाँचवटा पवित्र इतिहासलाई अध्ययन गर्न परमेश्वरले हामी सबैलाई आहवान गर्नुहुन्छ । पवित्र आत्माको प्रेरणाद्वारा मोशाले ती पुस्तकहरु लेखेका थिए ।संसारको अन्तयमा हुने सबै परिवारहरुको नमूनाको निम्ति प्रथम परिवार यस पृथ्वीमा राखिएको थियो । मानव जातको निम्ति परमेश्वरको ईच्छा के थियो भनेर बुझन त्यस इतिहासले सहायता गर्दछन् । त्यस इतिहासमा हामीप्रति परमेश्वरको योजना स्पष्ट रुपमा कोरेको पाउदछौ । यदि प्रार्थना र निष्ठापूर्वक त्यस योजनालाई अध्ययन गरे विश्वाशीले संसारको सुरुदेखि अन्तसम्मको परमेश्वरको विचार र लक्ष्य सिक्न सक्ने छन्। परमपिता परमेश्वरको साथमा हुनुभएको येशूख्रीष्ट विश्व इतिहासको संचालक हुनुहुन्छ भनेर विश्वासीले बुझ्ने छन् । मानिसलाई शुद्ध र आदर्शमय बनाउने अभिभारा येशूको हो ।"एलेन जी ह्वाइट, मानुस्क्रप्ट, ठेली ३, पृ १८४ बाट रुपान्तरित ।"

"विगतको इतिहासलाई अध्ययन गर्दा र अहिलेसम्म देखिएको प्रत्येक प्रगतिको कदमलाई मनन् गर्दा मेरो हृदयले परमेश्वरको प्रशंसा होस् भनेर कराउँदछ । जब परमेश्वरले के गर्नुभयो भनेर सोध्दछु, तब मेरो हृदय अत्यन्त आश्चर्य चकित हुन्छ र अगुवा येशूप्रति मेरो महान् आस्थाले भर्दछ । जबसम्म परमेश्वरले हामीलाई यहाँ सम्म कसरी अगुवाई गर्नुभयो र विगत इतिहासमा उहाँको भूमिकालाई बिर्सन्दैनैं तबसम्म कुनैपनि भविष्यसँग हामी डराउनुपर्ने कारण छैन् । यदि हाम्रो विश्वास र भरोसा परमेश्वरमा राख्दछौ भने हामी साहशीलो र बलियो जन हुनेछौं । परमेश्वरको वचन बाइबलको शक्तिशाली सत्यहरुलाई आत्मसाथ गर्दा नै हामी त्यस स्थितिमा पुग्न सक्दछौं । हरेक कुरामा

हामी कृतज्ञ हुन प्रसस्त स्थान छ ।"एलेन जी ह्वाइट, सेलैक्टेड मेसेजेज, ठेली ३, पृ १६२ । "

**चिन्तनमनन्**

१ इतिहासमा परमेश्वरको सक्रियताले बाइबल बुझ्न अत्यन्त महत्वपूर्ण भूमिका खेल्दछ । दानियल २:२१ पढ्नुहोस् । परमेश्वर र मानव इतिहासको बीचमा के सम्बन्ध छ भनेर उक्त पदले देखाउदछ । संसारको इतिहासको संघारमा रहने हाम्रो निम्ति यो कथा किन महत्वपूर्ण छ?

२ कथाहरुलाई हामीले किन धेरै मन पराउँदछौं? असल कथा कसरी बन्छ? सत्यलाई सिकाउन कथाहरु किन असल माध्यम हुन सक्छन्? तपाईंको मनपर्ने कथाहरु को हुन र तिनीहरुलाई तपाईंले किन मन पराउनुहुन्छ?

३ सारा संसारमा परमप्रभु परमेश्वरको बारेमा साक्षी हुन पौराणीक इस्रयलीहरुलाई आहवान गरिएको थियो। परमेश्वर को हुन भनेर देखाउन उनीहरुलाई चुनिएको थियो । सारा संसारका मानिसहरुलाई अनुग्रहद्धारा परमेश्वरको मुक्ति उपलव्ध छ र परमेश्वर कस्तो हुनुहुन्छ भनेर देखाउने जिम्मा इस्रायलीहरुलाई दिइएको थियो । तर एक आपसमा भएको जातीयताको संघर्षले गर्दा पौराणिक इस्रायल कमजोर भएको थियो । त्यस दुख्द ऐतिहासक तथ्यले वर्तमान युगमा हामीलाई के सिकाएको छ?

४ कुनै परिस्थितिलाई बुझ्न पृष्ठ भूमीको बारेमा जन्नु धेरै महत्वपूर्ण छ । तर प्राय जसो, कुनै पनि कथावस्तुको यस्ता धेरै पृष्ठभूमीहरु छन् जून हामीलाई थाहा हुदैन् ।कतिपय कुराहरु हामीबाट लुकिएका हुन्छन् । यसलाई विचार गर्दा कुनै पनि मानिसको आलोचना गर्न किन मनासिनव हुँदैन्? मानिसको बारेमा तथ्य थाहा नभइ र उसको परिस्थितीलाई नबुझी तपाईंले कसैको आलोचना गर्नुभएको छ? तपाईंकै बारेमा थाहा नपाई तपाईंको बारेमा निष्कर्ष निकाल्दा तपाईंले कस्तो महशुस गर्नुभएको छ?